# विराटनगर महानगरपालिका

बैठक संख्याः १०१
मितिः २०७८/०८/२०

बैठक प्रारम्भः बिहान ८:०० बजे
बैठक स्थगनः बिहान १०:०० बजे

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/०८/२० गते बसेको बैठकको एजेन्डा र निर्णयहरूः

<table>
<tr><th>क्र.सं.</th><th>एजेन्डा</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>आ.व.२०७८/०७९ को प्रथम चौमासिक अवधिको प्रगति प्रतिवेदन अनुमोदन सम्वन्धमा।</td><td>प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको आ.व.२०७८/७९ को प्रथम चौमासिक अवधिको वित्तीय प्रगति (आय-व्यय), नगर कार्यपालिकाको निर्णयहरूको कार्यान्वयन प्रगति र प्रमुख उपलब्धीहरूको चौमासिक प्रतिवेदन उपर छलफल भई सर्वसम्मतिले अनुमोदन गरियो।</td></tr>
<tr><td>२</td><td>पोखरिया मा.वि.को विद्यालय सुधार गुरुयोजना स्वीकृति सम्वन्धमा।</td><td>विराटनगर महानगरपालिका वडा नं.३ स्थित श्री पोखरिया माध्यमिक विद्यालयबाट पेश भएको सो विद्यालयका लागि सितारा कन्सल्टद्वारा निर्माण गरिएको भौतिक पूर्वाधार तर्फको माटो परीक्षण, ड्रइङ डिजाइन, Structural Analysis सहितको नमुना विद्यालय विकास, विद्यालय सुधार गुरुयोजना (आ.व.२०७८/०७९-२०८२/०८३) स्वीकृत गरी कार्यान्वयनका लागि उक्त विद्यालयलाई अनुमति प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।</td></tr>
<tr><td>३</td><td>बहुप्राविधिक शिक्षालयको निर्माण स्थल छनौट सम्वन्धमा।</td><td>विराटनगर महानगरपालिका र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको साझेदारीमा सञ्चालित महानगर बहुप्राविधिक शिक्षालयको भौतिक पूर्वाधार निर्माण तथा शिक्षालय सञ्चालन व्यवस्थापनका लागि जग्गा आवश्यक भएको हुँदा विराटनगर महानगरपालिका वडा नं.५ स्थित सिद्धकाली आधारभूत विद्यालय रहेको कित्ता नं.१०३, क्षेत्रफल २-६-१३.८४ (बिघा) जग्गामध्ये विद्यालयले उपभोग गरिरहेको जग्गाबाहेक विद्यालयको पूर्वतर्फ खाली रहेको ०-८-१८ (बिघा) जग्गामा महानगर बहुप्राविधिक शिक्षालयको भवन लगायत आवश्यक भौतिक पूर्वाधार विकास गर्ने सर्वसम्मतिले निर्णय गरियो।</td></tr>
<tr><td>४</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरू स्वीकृति सम्वन्धमा।</td><td>नेपाल सरकार सशर्त कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सम्बन्धित वडाको सिफारिस समेतको आधारमा चालु आ.व.२०७८/०७९ मा देहायका आयोजनाहरू स्वीकृत गरी सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>सञ्चालन हुने स्थान</th></tr>
<tr><td>१</td><td>कञ्चनबारी चोकदेखि ईक्राही जाने बाटोको दुबैतर्फ रहेको घेराबार रुखहरूको सरसफाई, स्याहारसम्भार, मर्मत सम्भार गर्ने</td><td>वडा नं.४</td></tr>
<tr><td>२</td><td>राजवंशी चोक स्थित पार्कको सरसफाई/मर्मत सम्भार</td><td>वडा नं.४</td></tr>
<tr><td>३</td><td>पृथ्वी चोकदेखि दिल्ली पब्लिक स्कुलसम्मको सडकमा वृक्षारोपण गरी सरसफाई तथा स्याहार सम्भार/मर्मत सम्भार गर्ने</td><td>वडा नं.५</td></tr>
</table></td></tr>
</table>

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

<table>
<tr><td rowspan="13"></td><td rowspan="13"></td><td>४</td><td>रामजानकी मन्दिर, खाकि बाबा मन्दिरमा सरसफाई, मर्मतसम्भार तथा वृक्षारोपण</td><td>वडा नं.१३</td></tr>
<tr><td>५</td><td>Eco Fun Park को सरसफाई तथा मर्मत सम्भार</td><td>वडा नं.७</td></tr>
<tr><td>६</td><td>दरैया चोकदेखि कामत चोकसम्म वृक्षारोपण, सरसफाई तथा मर्मत सम्भार</td><td>वडा नं.१२</td></tr>
<tr><td>७</td><td>सार्वजनिक जग्गामा वृक्षारोपण, गोडमेल, सरसफाई तथा मर्मत सम्भार</td><td>वडा नं.१८</td></tr>
<tr><td>८</td><td>वडाभित्र रहेको नहर सरसफाई/मर्मत सम्भार</td><td>वडा नं.६</td></tr>
<tr><td>९</td><td>वडाभित्र रहेका सार्वजनिक स्थलमा वृक्षारोपण तथा सरसफाई</td><td>वडा नं.६</td></tr>
<tr><td>१०</td><td>जनपथ मा.वि.को बगैंचा रेखदेख तथा सरसफाई</td><td>वडा नं.११</td></tr>
<tr><td>११</td><td>ज्येष्ठ नागरिक भवन निर्माण तथा सरसफाई</td><td>वडा नं.११</td></tr>
<tr><td>१२</td><td>नहर, बसपार्क तथा सडक सरसफाई</td><td>वडा नं.११</td></tr>
<tr><td>१३</td><td>धर्मबाँध रोडको दायाँबायाँ वृक्षारोपण गरिएका बिरुवाको मलजल तथा गोडमेल र घेराबारा टाटी मर्मत</td><td>वडा नं.१४</td></tr>
<tr><td>१४</td><td>वडाभित्रका सडकका दायाँबायाँ कच्ची तथा पक्की नाला सरसफाई</td><td>वडा नं.१४</td></tr>
<tr><td>१५</td><td>कोशी राजमार्ग पहडगछ ढाटदेखि रोडशेष चोकसम्म सरसफाई, वृक्षारोपण तथा मर्मतसम्भार</td><td>नगरस्तरीय</td></tr>
<tr><td>१६</td><td>पुष्पलाल चोकदेखि तीनपैनी चोकसम्म सरसफाई, सौन्दर्यकरण तथा गोडमेल</td><td>नगरस्तरीय</td></tr>
<tr><td>५</td><td>कार्यविधि/निर्देशिकाहरूको स्वीकृति सम्वन्धमा।</td><td colspan="3">(क) विराटनगर महानगरपालिकाको "घ" वर्गको व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ लाई समयानुकूल वनाउँदै सेवा प्रवाहको गुणस्तरीयता अभिवृद्धि गर्न सेवा प्रवाहको क्रममा प्राप्त पृष्ठपोषण, सुझाव र कठिनाईंका आधारमा आवश्यक संसोधनका लागि प्रस्ताव पेश भएकोमा छलफल भई प्रस्तावमा संसोधन सहित कार्यविधिमा संसोधन गर्ने सर्वसम्मतिले निर्णय गरियो। विगतमा अन्य निकायमा दर्ता भई नवीकरण बाँकि रहेका "घ" वर्गका व्यवसायहरूलाई आ.व.२०७४/०७५ देखिको व्यवसाय कर तथा जरिवाना लिई नियमानुसार प्रक्रिया पुऱ्याएर नवीकरण गर्ने निर्णय गरियो।<br><br>(ख) विराटनगर महानगरपालिकामा बालमैत्री स्थानीय शासनका सूचक बमोजिम प्रभावकारी रुपमा बाल अधिकार संरक्षण एवम् बाल सहभागिता प्रवर्द्धन गर्ने तथा बालबालिका सम्बन्धी ऐन, २०७५ ले निर्दिष्ट गरेका प्रावधानहरूको कार्यान्वयनमा सहजता र प्रभावकारिता ल्याउने उद्देश्य अनुरूप पेश भएका बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि, २०७८ र बालक्लव तथा बालक्लव सञ्जाल गठन तथा सञ्चालन निर्देशिका, २०७८ को मस्यौदा उपर छलफल भई सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो।</td></tr>
</table>

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ, नेपाल

| | | |
|---|---|---|
| ६ | राजश्व दररेटहरूबारे। | (क) निजी तथा आवासीय विद्यालयहरूलाई करको दायरामा ल्याउने उद्देश्य अनुरूप आगामी नगरसभाबाट अनुमोदन हुनेगरी विगतमा अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका र महानगरपालिकामा दर्ता नभएका विद्यालयहरूलाई गत ६ वर्ष (आ.व.२०७३/०७४ देखि २०७८/०७९ सम्म) को व्यवसाय कर लिई दर्ता गर्ने र सोमा लाग्ने जरिवाना छुट दिने, साथै महानगरपालिकामा दर्ता भई विगत वर्षहरूमा कर नबुझाएका विद्यालयहरूलाई सोही वर्षदेखिको कर असुली गरी सोमा लाग्ने जरिवाना एकपटकका लागि छुट दिने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) विराटनगर महानगरपालिकाको आर्थिक ऐन, २०७८ मा ड्राइभिङ सेन्टर र निजी सेक्युरिटी सर्भिसको व्यवसाय करको दर छुट हुन गएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुनेगरी ड्राइभिङ सेन्टरका लागि रु.५,०००।० र निजी सेक्युरिटी सर्भिसका लागि रु.१०,०००।० करको दर निर्धारण गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) विराटनगर महानगरपालिकाको आर्थिक ऐन, २०७८ मा निजी प्रारम्भिक बाल विद्यालय (मन्टेश्वरी) को वार्षिक व्यवसाय करमा साना, मझौला र ठूला गरी वर्गीकरणको आधारमा कर निर्धारण गरिएकोमा उक्त प्रारम्भिक बाल विद्यालयहरूलाई पुँजीको आधारमा वर्गीकरण गर्न मनासिब नदेखिएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुनेगरी बालबालिकाको संख्याको आधारमा देहाय बमोजिम वर्गीकरण कायम गरी व्यवसाय कर लिने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) ५० जनासम्म बालबालिका संख्या भएका - साना (रु.५,०००।)<br>(२) ५० देखि १०० जनासम्म बालबालिका संख्या भएका - मझौला (रु.१०,०००।)<br>(३) १०० जना भन्दा बढि बालबालिका संख्या भएका - ठूला (रु.१५,०००।)<br><br>(घ) विराटनगर महानगरपालिका वडा नं.७ स्थित शहीद रङ्गशालाको व्यवस्थापन तथा सञ्चालनका लागि राष्ट्रिय खेलकुद परिषद, काठमाण्डौ र विराटनगर महानगरपालिकाबीच भएको सम्झौता बमोजिम रङ्गशालाको स्वामित्वमा रहेका सटरकवलहरू भाडामा लगाउनका लागि तेस्रो पटकको सूचना प्रकाशनपश्चात समेत भाडामा लाग्न नसकेको हुँदा साविकदेखि वहालमा रहेका व्यवसायीहरूसँग खेलकुद विकास समितिले कायम गरेको साविक भाडा अनुसार २०७९ असार मसान्तसम्म सम्झौता गर्ने, साथै आगामी नगरसभाबाट अनुमोदन हुनेगरी निजहरूलाई अन्य व्यवसायलाई कोभिड-१९ महामारीको कारणले दिइएको व्यवसाय कर छुट सरह आ.व.२०७७/०७८ को १ (एक) महिनाको भाडा रकम छुट दिने समेत सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मोरङ, नेपाल

(ङ) राष्ट्रिय खेलकुद परिषद र विराटनगर महानगरपालिकाबीच भएको सम्झौता बमोजिम शहीद रङ्गशालाको खेलमैदान सञ्चालन तथा व्यवस्थापन एवम् भाडादर निर्धारण सम्बन्धमा आवश्यक अध्ययन तथा परामर्श गरी आगामी बैठकमा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(१) श्री उद्धव अर्याल, वडाध्यक्ष, वडा नं.१ - संयोजक
(२) श्री विनोदकुमार बस्नेत, वडाध्यक्ष, वडा नं.३ - सदस्य
(३) श्री मधुबाबु तिवारी, वडाध्यक्ष, वडा नं.७ - सदस्य
(४) श्री माधवराज बाग्ले, वडाध्यक्ष, वडा नं.१० - सदस्य
(५) श्री सरोज कुमार गौतम, राजश्व व्यवस्थापन महाशाखा प्रमुख - सदस्यसचिव

(च) पार्किङको लागि अर्को व्यवस्था नभएसम्म विगतमा गरिएको प्रयास तथा अपाङ्गता भएका व्यक्ति र तिनका परिवारको गुजारा समेतलाई मध्यनजर गर्दै राजश्व परामर्श समितिको सिफारिस अनुसार नगर क्षेत्रको मुख्य सडकहरूमा पार्किङ व्यवस्थापनका लागि सवारीचालकबाट प्रतिदिन मोटरसाइकल रु.५।० र चारचक्के गाडिलाई रु.१०।० भन्दा बढि पार्किङ शुल्क नलिनेगरी कोशी वहिरा संघलाई जिम्मा दिने र सो बापत उक्त संघले महानगरपालिकालाई मासिक रु.१५,०००।० बुझाउनुपर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, नगरक्षेत्रको दीगो पार्किङ व्यवस्थापनका लागि जग्गाको खोजी, सरोकारवालाहरूसँग वार्ता, आवश्यक अध्ययन, परामर्श तथा छलफल गरी पार्किङको मोडालिटीसहित प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

(१)श्री मधुबाबु तिवारी, वडाध्यक्ष, वडा नं.७ - संयोजक
(२)श्री विश्वनाथ भगत, वडाध्यक्ष, वडा नं.९ - सदस्य
(३)श्री निश्चल अर्याल, वडाध्यक्ष, वडा नं.८ - सदस्य
(४)श्री माधवराज बाग्ले, वडाध्यक्ष, वडा नं.१० - सदस्य
(५)श्री उद्धव अर्याल, वडाध्यक्ष, वडा नं.१ - सदस्य
(६)श्री राजन पौडेल, नगर प्रहरी निरीक्षक - सदस्य सचिव

(छ) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको डि-प्लटका ६ वटा कोठाहरू विगत लामो समयदेखि खाली रहेको हुँदा सो कोठाहरू मर्मत गरी भाडामा लगाउने, साथै सो प्लटमा रहेको भवन जीर्ण भई कोठाहरूमा पानी चुहिने, शौचालय तथा पानीको सुविधा समेत नभएको र वर्षातमा कोठाभित्र पानी छिरी मालसामान भिज्ने गरेको तथा गत वर्ष कोभिड-१९ महामारीको कारणले व्यापार व्यवसायमा असर समेत परेको हुँदा सम्झौता बमोजिम प्रतिवर्ष १० प्रतिशत भाडा वृद्धि गर्न न्यायोचित नदेखिएकोले साविककै दररेटमा सटर भाडा लिनको लागि राजश्व परामर्श समितिबाट समेत सिफारिस भइआएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुनेगरी साविकमा सम्बन्धित व्यवसायीहरूसँग गरेको सम्झौता बमोजिमको (वार्षिक १० प्रतिशत भाडा वृद्धि बाहेक) भाडा लिने र सो भवनमा शौचालय, खानेपानी तथा अन्य मर्मतसम्भारको कार्य समेत गर्ने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय